प्रमाणिकरण मिति :-२०८१।०२।०९

# बुढानीलकण्ठ क्षेत्र विकास समिति

# सञ्चालन तथा व्यवस्थापन नियमावली,२०८१

बुढानीलकण्ठ क्षेत्र विकास समिति(गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २२ ले दिएको अधिकार प्रयोग गरी नगरकार्यपालिकाको मिति २०८१।०२।०९ को बैठकले यो नियमावली २०८१ स्वीकृत गरेको छ ।

## परिच्छेद-१

### प्रारम्भिक

**१. सक्षिप्त नाम र प्रारम्भ** : (क) यस नियमावलीको नाम “बुढानीलकण्ठ क्षेत्र विकास समिति सञ्चालन तथा व्यवस्थापन नियमावली २०८१” रहेको छ ।

(ख) यो नियमावली कार्यपालिकाको बैठकले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

**२ परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) “ऐन” भन्नाले बुढानीलकण्ठ क्षेत्र विकास समिति (गठन तथा संचालन) ऐन २०८० लाई सम्झनुपर्छ ।

(ख) “कार्य समिति” भन्नाले बुढानीलकण्ठ क्षेत्र विकास समितिको कार्य समितिको अलावा यस कार्य समितिले गठन गर्ने अन्य समितिहरु समेतलाई सम्झनुपर्छ ।

(ग) “मठ-मन्दिर” भन्नाले बुढानीलकण्ठ नगरपालिका भित्र रहेको सम्पुण मठ-मन्दिरलाई जनाउछ ।

(घ) “समिति” भन्नाले दफा ३ बमोजिम गठित क्षेत्र विकास समितिको अलावा यस समितिले गठन गर्ने अन्य समिति समेतलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

**३.समितिको गठन**

(क) समितिको अध्यक्ष तथा सदस्यहरुको पद रिक्त हुने अवस्था

१) मृत्यु भएमा ।

२) राजिनामा दिएमा ।

३) फौजदारी कसुरमा अदालतबाट दोषी ठहर भएमा ।

४) नगरपालिकाले पदबाट मुक्त गरेमा ।

(ख) पदबाट राजिनमा दिदा सदस्यहरुले अध्यक्ष मार्फत र अध्यक्षले सदस्य सचिव मार्फत नगरपालिकामा पेश गर्नुपर्नेछ । नगरपालिका समक्ष पेश भएको राजिनामा स्वीकृत नहुन्जेल सम्म अध्यक्ष र सदस्य पद कायम रहि रहनेछ ।

(ग) समितिका अध्यक्ष लगायत अन्य सदस्यहरुले ऐन नियम विपरित कार्य गरी समितिलाई हानीनोक्सानी गरेमा नगरपालिकाले आवश्यक्ता अनुसार कारवाही गर्ने र कारवाहीको लागि सम्बन्धित निकायमा लेखि पठाउनेछ ।

(घ) नगरपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी समितिको संख्या, सदस्यहरुमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

## ४. समितिको बैठक :

(क) ऐन को दफा ३ बमोजिम गठित समितिको बहुमतको निर्णय  अन्तिम हुनेछ ।

(ख) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने छ ।

(ग) समितिको बैठक बस्ने सूचना समितिको सदस्य सचिवले बैठक बस्नुभन्दा चौबिस घण्टा अगावै सदस्यहरूलाई दिनुपर्ने छ ।

(घ) समितिका कुल सदस्य संख्याको एकाउन्न प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

(ङ) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्य मध्ये जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने छ ।

(च) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

(छ) समितिको बैठकबाट भएका निर्णय अभिलेख गरी राख्नुपर्ने छ । समितिको निर्णय पुस्तिका कार्यालयमा सदस्य सचिवको जिम्मामा रहने छ ।

(ज) समितिको निर्णय समितिको अध्यक्ष र सदस्य सचिवले संयुक्त रूपमा प्रमाणित गर्नेछ ।

(झ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुने छ ।

## ५. अध्यक्षको काम कर्तव्य र अधिकार :

ऐनको दफा ४ बमोजिम अध्यक्षको देहाय अनुसारको काम, कर्तव्य र अधिकार हुनेछ ।

क) सदस्य सचिवको विदा सम्बन्धि व्यवस्था गर्ने ।

ख) समितिको नेतृत्व गर्दै सभा, समारोह र  कार्यक्रमहरुमा भाग लिने  ।

ग) धार्मिक, ऐतिहासिक, पुरातात्विक तथा पर्यटकिय भ्रमण गर्ने गराउने ।

घ) सदस्य सचिव तथा सदस्यहरुको धार्मिक, ऐतिहासिक, पुरातात्विक तथा पर्यटकिय भ्रमण आदेश स्वीकृत गर्ने ।

ङ) नगरपालिका तथा समितिले तोकेको अन्य कार्य गर्ने ।

**६. सदस्यहरुको काम कर्तव्य र अधिकार :**

ऐनको दफा ५ बमोजिम सदस्यहरुको देहाय अनुसारको काम, कर्तव्य र अधिकार हुनेछ ।

क) ऐनको दफा १३ को (क) र (ख) बमोजिम उप समितिको संयोजक वा सदस्य भै कार्य गर्ने ।

ख) समितिको प्रतिनिधि भई सभा, समारोह र कार्यक्रमहरुमा सहभागी हुने ।

ग) नगरपालिका तथा समितिले तोकेको अन्य कार्य गर्ने ।

**७. कार्यकारी निर्देशकको काम कर्तव्य र अधिकार :**

ऐनको दफा ९ बमोजिम कार्यकारी निर्देशकको देहाय अनुसारको काम, कर्तव्य र अधिकार हुनेछ ।

क) कर्मचरीहरुको विदा सम्बन्धि व्यवस्था गर्ने ।

ख) समितिको प्रतिनिधि भई सभा, समारोह र कार्यक्रमहरुमा सहभागी हुने ।

ग) समितिको कार्यक्रम तयार गरि स्वीकृत गराउने तथा कार्यान्वयन गराउने ।

घ) धार्मिक, ऐतिहासिक, पुरातात्विक तथा पर्यटकिय भ्रमण गर्ने गराउने ।

ङ) नगरपालिका तथा समितिले तोकेको अन्य कार्य गर्ने ।

**८. समितिको काम, कर्तव्य र अधिकार :**

(१) ऐनको दफा ३ बमोजिम उद्देश्य कार्यान्वयन गर्न समितिले देहाय बमोजिमको कार्यहरु गर्नेछ ।

क) नगरपालिका क्षेत्र भित्र रहेको सम्पूर्ण मठ मन्दिरहरुको पहिचान गरी अभिलेख गर्ने ।

ख) मठ मन्दिरहरुको संरक्षण, सर्म्बद्धन, निमार्ण, पुनः निर्माण, जिर्णोद्धार सम्बन्धी कार्य गर्ने । यस्ता कार्यहरू गर्दा समितिले सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार गर्नुपर्नेछ ।

ग) मठ-मन्दिरहरुको संरक्षण सर्म्बद्धन निर्माण पुनः निर्माण र जिर्णोद्धार गर्दा सम्बन्धित वडा कार्यालय र स्थानीय मठ-मन्दिर संरक्षण सर्म्बद्धन समितिहरुसंग सहकार्य र सहयोग गर्नेछ ।

घ) सम्बन्धित निकायहरुसँग सहकार्य गरि मठ-मन्दिरहरुको व्यवस्थापनको लागि समितिहरु बनाउने समितिहरुको काम, कर्तव्यहरु अधिकार तोक्ने ।

ङ) मठ-मन्दिरहरुबाट संकलित दान भेटिहरुको पारदर्शीता कायम गर्ने, व्यवस्थापन गर्ने र उपयोगको लागि आवश्यकता अनुसार निति बनाउने साथै सो कार्यमा आवश्यकता अनुसार आदेश निर्देशन जारि गर्ने र कार्यविधि बनाउने ।

च) मठ-मन्दिरहरुको निर्माण, पुनः निर्माण र जिर्णोद्धारको लागि आवश्यकता अनुसार समिति, उप समितिहरु निर्माण गर्ने ।

छ) मठ-मन्दिरहरुको निर्माण सम्बन्धि कार्य समिति आफै वा उपभोक्ता समिति वा ठेका मार्फत गर्ने गराउने ।

ज) मठ-मन्दिर निर्माण सम्बन्धि कार्यहरु नगरपालिकाको अनुगमन समिति मार्फत अनुगमन गर्ने गराउने ।

झ) मठ-मन्दिरसँग जोडिएको चल अचल श्री सम्पत्तिको अभिलेख गर्ने, उक्त चल अचल श्री सम्पत्तिलाई मठ-मन्दिरको हितको लागि आवश्यकता अनुसार प्रयोग गर्ने ।

ञ) मठ-मन्दिरसँग जोडिएको ऐतिहासिक धार्मिक एवं सांस्कृतिक पर्व जात्राहरुको संरक्षण सम्र्बद्धन, सञ्चालन तथा खोज अनुसन्धान गरि अभिलेख गर्ने ।

ट) मठ-मन्दिरहरुको नियमित रुपमा खोल्ने बन्द गर्ने र सरसफाई सम्बन्धी आवश्यकता अनुसार निति बनाउने ।

ठ) मठ-मन्दिरको भोग स्वामित्वमा रहेको चल अचल श्री सम्पत्तिलाई मठ-मन्दिरको आयआर्जनको लागि कानुन बमोजिम उपयोग गर्ने ।

ड) मठ-मन्दिरको कवल, पसल, जग्गालाई भाडामा लगाई आयश्रोत वृद्धि गर्ने ।

ढ) बुढानीलकण्ठ नगरपालिकाको वडाहरूमा रहेका मठ मन्दिर मर्मत सम्भार तथा पुनर्निर्माणसम्बन्धी कार्यको लागि सम्बन्धित मन्दिर व्यवस्थापन समितिलाई सिफारिस दिनेलगायतका अन्य सहयोग गर्ने ।


ढ) सनातन धर्मलाई संरक्षण, संर्बद्धन र विकास गर्न वेदविद्याश्रमहरु सञ्चालन गर्ने, पुस्तकालयहरु स्थापना गर्ने ।

ण) मठ-मन्दिरहरुलाई आवश्यक पर्ने अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-३

९) **कर्मचारी सम्बन्धी व्यवस्था**

क) यस बुढानीलकण्ठ क्षेत्र विकास समितिको कर्मचारी संरचना देहायबमोजिमको रहनेछ ।




ख) समितिका कर्मचारीहरुको पारिश्रमिक सुबिधा तथा सेवाको सर्तहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

ग) कर्मचारीहरुले अतिरिक्त काम गरेबापत खाईपाई आएको तलवमान वा सो सरह हुन आउने रकमसँग हिसाव मिलान गरी उपलब्ध गराउन सकिनेछ ।

घ) कर्मचारीहरुले प्रचलित ऐन नियम बमोजिम विदा सुविधा पाउनेछन्, तर बिदा बस्नु पूर्व विदा स्वीकृत गराउनुपर्नेछ । विदा सहुलियत मात्र हो अधिकार होइन ।

## परिच्छेद-४

### १०. कोष सम्बन्धी व्यवस्था

**१)** समितिको एक कोष हुनेछ, जसमा देहाय बमोजिमका रकमहरु जम्मा हुनेछ :-

क) बुढानीलकण्ठ नगरपालिकाले दिने अनुदान

ख) जिल्ला समन्वय समितिले दिने अनुदान

ग) संघीय र प्रदेशबाट प्राप्त अनुदान

घ) अन्य स्थानीय तहले दिने अनुदान

ङ) सरकारी तथा गैर सरकारी संघ सस्थाहरुले दिने अनुदान

च) व्यक्तिहरुले सहयोग बापत दिने रकम ।

२) समितिले मठ-मन्दिरको विकास र विस्तारको लागि जुनसुकै सरकारी तथा गैर सरकारी संघ संस्थाहरु र व्यक्तिहरुसंग आर्थिक सहयोगको लागि आव्हान गर्न सक्नेछ । विदेशी सरकारी तथा गैर सरकारी संघसस्थासँग आर्थिक सहयोग र अनुदान लिँदा प्रचलित ऐन कानुनको पालना गर्नु पर्नेछ ।

३) समितिले आफ्नो कोषमा रहेको रकमलाई सरकारी स्वामित्व रहेको कुनै बैकमा खाता खोलि राख्नु पर्नेछ । समितिमा लेखा सम्बन्धी कर्मचारीको व्यवस्था नहुन्जेलसम्म अध्यक्ष, सदस्य सचिव र नगरपालिकाको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट समितिको खाता संचालन हुनेछ । यस सम्बन्धी सम्पूर्ण विवरण सदस्य सचिवले तयार पार्नुपर्नेछ ।

४) समितिले कोषमा रहेको रकम प्रचलित ऐन नियम बमोजिम खर्च गर्न सक्नेछ । खर्चको विवरण मासिक रूपमा अर्को महिनाको सात गतेभित्र नगरपालिकालाई पेश गर्नुपर्नेछ ।

५) समितिले गरेको आय व्ययको आन्तरिक लेखा परिक्षण नगरपालिकाले तोकेको लेखा परिक्षकबाट र वार्षिक लेखा परिक्षण महालेखा परिक्षकबाट गराउनु पर्नेछ ।

६) समितिले मठ-मन्दिरसँग सम्बन्धित धार्मिक अनुष्ठान, जात्रा, पर्व लगायतलाई समितिको निर्णय बमोजिम आन्तरिक आयको रकमबाट कोषबाट आर्थिक सहयोग गर्न सक्नेछ ।

### ११) बैठक भत्ता

१) समितिको बैठकमा उपस्थित अध्यक्ष तथा सदस्यहरुलाई तोकिए बमोजिम बैठक भत्ता प्रदान गरिनेछ ।

**१२)** यस नियमावलीको अधिनमा रही समितिले विनियमावली तयार गरी स्वीकृतिका लागि नगरपालिकामा पेश गर्न सक्नेछ ।